# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नम्बर :

मालारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खनदह, अर्घाखाँची लुम्बिनी प्रदेश नेपाल

मितिः २०८२/०२/०७
ने.सं. ११४५ बछलागा ९

**अन्तर वडास्तरीय अध्यक्ष कप रनिङ्गशिल्ड भलिबल खेल प्रतियोगिता हुने सम्बन्धमा सूचना।**

यस गाउँपालिकाको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत यस गाउँपालिकाको आयोजनामा अन्तर वडास्तरीय अध्यक्ष कप रनिङ्गशिल्ड भलिबल खेल प्रतियोगिता तपशिलको मिति, समय र स्थानमा देहाय अनुसार हुने भएकोले यस गाउँपालिका स्थित सम्बन्धित वडा कार्यालयसँगको समन्वयमा खेलाडीहरूले समूह निर्माण गरी वडा कार्यालयमार्फत् यस कार्यालयमा मिति २०८२/०२/१२ गते कार्यालय समयभित्र खेल समूहको नाम दर्ता गराउनुहुन प्रतियोगिता निर्देशक समितिको मिति २०८२/०२/०७ गतेको निर्णय अनुसार अनुरोध छ।

तपशिलः
मितिः २०८२/०२/१३ र १४ गते
समयः विहानः ९ बजेदेखि
स्थानः जीवनस्मृति खेल मैदान, मालारानी-३, गिद्धपोखरी

१. पुरस्कार राशिः प्रथम पुरस्कार रू. साठी हजार, द्वितीय पुरस्कार रू. पचास हजार, तृतीय पुरस्कार रू. चालीस हजार, सान्त्वना पुरस्कार रू पन्ध्र हजार, उत्कृष्ट खेलाडी पुरस्कार रू पाँच हजार
२. प्रत्येक वडाबाट बढीमा ९/९ जनासम्म खेलाडी हुनुपर्ने छ।
३. काबु बाहिरको परिस्थिति पर्न गई प्रतियोगिता स्थगित गर्नुपरेमा परिस्थिति अनुकुल हुनासाथ पुन सञ्चालन हुनेगरी मिति र समय तय गरिने छ।
४. सहभागी नाम दर्ताको लागि निम्नानुसारका कागजातहरू पेश गर्नुपर्ने छ।
   क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा सम्बन्धित वडाको स्थायी बासिन्दा खुल्ने प्रमाण
   ख) पासपोर्ट साइजको फोटो दुई प्रति
   ग) सम्बन्धित वडाको खेलाडी विवरण सहितको सिफारिस पत्र
   घ) अन्तर वडास्तरीय अध्यक्ष कप रनिङ्गशिल्ड भलिबल खेल प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन(पहिलो संशोधन) कार्यविधि, २०८० को अनुसूची १ बमोजिम भरि सम्बन्धित वडाध्यक्षले प्रमाणित गरेको सक्कलै फाराम
   ङ) अन्य थप जानकारीको लागि प्रतियोगिता सञ्चालन उपसमिति संयोजक श्री हरिश्चन्द्र पाण्डेको सम्पर्क नं ९८५७०२३६२९ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

बोधार्थः
श्री वडा कार्यालयहरू सबै, मालारानी गाउँपालिका- आवश्यक सहजीकरण गर्नुहुन।

२०८२/२/७

गोविन्द भण्डारी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner